आज मिति २०८३-०१-०९ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | भिमार्जुन भुसाल | प्र.प्र.अ. | छत्रदेव गा.पा. ४ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

कार्यपालिका बैठक संख्या:- १६

मिति २०८३/०१/०९ गतेको बैठक

प्रस्तावहरु:-

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।
२. अस्थायी प्रहरी चौकीलाई स्थायी बनाई चौकी भवन माग सम्बन्धमा ।
३. LGPAS सम्बन्धमा ।
४. योजनाहरुको प्राथमिकीकरण सम्बन्धमा ।
५. एम्बुलेन्स खरिद सम्बन्धमा ।
६. विपदबाट प्रभावित बाटो निर्माणको भुक्तानी सम्बन्धमा ।
७. पुर्कोटदह स्वास्थ्यचौकीको सेफ्टी ट्याङ्की मर्मत सम्बन्धमा ।
८. उद्योग वाणिज्य महासंघको लागि आर्थिक सहायता सम्बन्धमा ।
९. एक घर दुई फलफूल बिरुवा वितरण कार्यक्रम सम्बन्धमा ।
१०. जैविक मल निर्माणमा ५० प्रतिशत अनुदान सम्बन्धमा ।
११. करदाता सेवा कार्यालयबाट प्रवाह हुने सेवा सञ्चालन सम्बन्धमा ।
१२. विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/१२/२० गते बसेको कार्यपालिका बैठकमा सार्वजनिक सुनुवाईको मिति तय गर्ने सम्बन्धमा, कर्मचारी कल्याण कोष उपदान कार्यविधी सम्बन्धमा, कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी सम्बन्धमा, आवासिय विद्यालय सञ्चालन कार्यविधी सम्बन्धमा, उपाध्यक्षसँग शिक्षाको कार्यविधी सम्बन्धमा, गाउँ शिक्षा योजना सम्बन्धमा, ICT Fixing कार्यक्रम सम्बन्धमा, सिद्धपोखरी प्रा.वि कक्षा ३ घटाउने सम्बन्धमा, प्रशासकीय भवनको म्याद थप सम्बन्धमा, कंकेदेउराली पर्यटन पुर्वाधार समितिलाई नयाँ वर्षको अवसरमा साँस्कृतिक कार्यक्रम सम्बन्धमा, आलु स्टोर भत्काउने सम्बन्धमा, नागरिक आरोग्य केन्द्र राख्ने सम्बन्धमा, कार्यविधि बनाएर प्र.अ. छनौट गर्ने सम्बन्धमा, सब-इन्जिनियर तथा पशु प्राविधिक विज्ञापन गर्ने सम्बन्धमा, अध्यक्ष कप सञ्चालन सम्बन्धमा, सिंचाई प्रवर्द्धन कार्यक्रमको छनौट सम्बन्धमा, साना मेशिनरी औजार अन्तर्गत रकम बाँडफाँड सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिका वडा नं. २ बाँझकटेरी साविक बाँझकटेरी गा.वि.स. वडा नं. ०६ मा रहेको अस्थायी प्रहरी चौकीको नाममा जग्गा कित्ता नं. ७४ बाट क्षेत्रफल ५ रोपनी १० आना जग्गा प्राप्त भएको र अस्थायी प्रहरी चौकीको रुपमा आ.व.२०८१/०८२ देखी सञ्चालित रहेको तथा उक्त अस्थाई प्रहरी चौकीलाई स्थायी प्रहरी चौकीको रुपमा स्थापना गरी उक्त चौकीको लागि भवन लगायतका आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने भएको हुँदा उक्त चौकीको भवन निर्माण गर्नको लागि नेपाल सरकार गृह मन्त्रालय, सिहंदरवार, काठमाण्डौ र प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौंमा कार्यक्रममा समावेश गर्न अनुरोध गर्ने साथै उक्त कार्यका लागि आवश्यक प्रक्रिया अगाडी बढाईदिन जिल्ला प्रशासन कार्यालय, गुल्मी र जिल्ला प्रहरी कार्यालय, गुल्मीमा पठाउने निर्णय सर्व-सम्मत गरियो।

३. यस मदाने गाउँपालिकाको आ.व. २०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को सम्पुर्ण कामकारबाही गरी जिल्लामा पठाइएको र जिल्ला बाट प्रारम्भिक मूल्यांकन भई प्राप्त नतिजामा ८०.७ अंक प्राप्त गरिएको नतिजालाई सदर गरी पठाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

४. यस मदाने गाउँपालिकामा आ.व. २०८३/०८४ मा कार्यान्वयन गर्नको लागि गुल्मी जिल्लाका माननीय सांसदहरुको अनुरोधमा गुल्मी मोडल अन्तर्गत रहेर तपसिल बमोजिमका योजना कार्यान्वयनको लागि प्राथमिकीकरण गरी पठाउने निर्णय सर्व-सम्मत गरियो ।

तपसिलः-

| क.स. | योजनाको नाम | ठेगाना | सम्वन्धित मन्त्रालय | कै. |
|---|---|---|---|---|

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १ | पञ्चमीपोखरी-भोटमारा-अग्लुङ्गफेदी-घडेरी- निपानि-सौइरे- ओख्लेदह- वडा कार्यालय सडक योजना (अग्लुङ्ग चक्रपथ) | मदाने -०१, अग्लुङ्ग | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |
| २ | विपी चोक- रिपुरे खोला- खोप्चा- मलागिरी वडा कार्यालय-कमेरेपानी-झ्यानेपानी-ध्युपानी हुँदै पुर्कोटदह सडक योजना (मलागिरी चक्रपथ) | मदाने -०५, मलागिरी | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |
| ३ | सोईरे-बसुन्धारा-भेडीखोर- सिर्सेनी देउराली-वडार-लेख-नारीकोट-पञ्चमीपोखरी-तिनकुने-उर्लेनी-बसुन्धारा सडक योजना (बाँझकटेरी चक्रपथ) | मदाने-०२, बाँझकटेरी | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |
| ४ | सिमलटारी-खन्यूखर्क-काफलपाटा-पोखरा-देउराली-सिम-टोरेटा-आरुपाटा सडक योजना (सिर्सेनी सडक) | मदाने-०३, सिर्सेनी | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |
| ५ | जुम्लिचौर-पनाहा-न्वाहारा-पाहाले हुँदै प्यूठान सडक योजना (पुर्कोटदह सडक) | मदाने-०६, पुर्कोटदह | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |
| ६ | मलागिरी खोला- झाँक्रीसल्ला- मेविसौना-हाटबजार- काभ्रा- गैनिगाँउ- पिपलारुख- टिमुरे हुँदै सिर्सेनी घुर्के (म्यालपोखरी सडक) | मदाने-०४, म्यालपोखरी | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |
| ७ | डडुवा- कालेकापोखरा- जुरेढुङ्गा- भनभने-वडाचौर-भिरकटेरी— बाँसडाडा- पोखरी- सानी पोखरी-रोल्मा- वडा कार्यालय- टिमुरखर्क- नेटाखर्क हुँदै गाढापारी सडक योजना (भनभने चक्रपथ) | मदाने-०७, भनभने | भौतिक पुर्वाधार मन्त्रालय तथा शहरी विकास मन्त्रालय | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | कंकेदेउराली जलासययुक्त वृहत खानेपानी योजना | मदाने गाउँपालिका वडा नं. ०६, ०७, ०४, ०५ र छिमेकी गाउँपालिका समेत | खानेपानी मन्त्रालय | |
| ९ | अग्लुङ्ग, बाँझकटेरी, सिर्सेनी, मलागिरी वृहत खानेपानी योजना | मदाने गाउँपालिका वडा नं. ०१, ०२, ०३ र ०५ | खानेपानी मन्त्रालय | |
| १० | म्यालपोखरी पुर्कोटदह भनभने लिफ्टिङ्ग खानेपानी योजना | मदाने गाउँपालिका वडा नं. ०४, ०६ र ०७ | खानेपानी मन्त्रालय | |
| ११ | अस्कुना, रोल्मा, कंकेदेउराली, ऐतिहासिक पुर्कोट कोट, मदाने लेख, गौमुखीधाम, मालिका पिस पार्क, अरविन्द आश्रम हुँदै सिर्सेनी कोट टुरिजम सर्किट परियोजना | मदाने गाउँपालिका | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |
| १२ | बैकुण्ठ पार्क | मदाने ०२ बाँझकटेरी सोइरे | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |
| १३ | छहरा नब्बेखोला नुनथला बरा डुम्मारे सिचाई योजना | मदाने ०६ पुर्कोटदह | उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | |
| १४ | वडार ठुलाखेत सेरा फलाटे पटेरा मालढुङ्गा सिचाई योजना | मदाने ०६ र ०४ | उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | |
| १५ | भेडीखोर खाल्ले चाका अध्ये जाइखोर सिचाई योजना | मदाने ०२ र ०३ | उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | |
| १६ | भेडीखोर मजुवा बाङ्ग्रा पोखरा काफलपाटा सिचाई योजना | मदाने ०२ र ०३ | उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १७ | वडाचौरि वृहत सिचाई योजना | मदाने ०७ भनभने | उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | |
| १८ | पृथ्वी मा.वि आवासिय विद्यालय भवन निर्माण योजना | मदाने ०६ पुर्कोटदह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १९ | रियाले मा.वि. भवन निर्माण योजना | मदाने ०३ सिर्सेनी | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| २० | प्रहर चौकी भवन निर्माण योजना | मदाने ०२ बाँझकटेरी | गृह मन्त्रालय | |
| २१ | ल्याब व्यवस्थापन योजना | मदाने ०७ भनभने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| २२ | आलु तथा बाखा विकास परियोजना | मदाने ०१, ०२, ०३, ०४ र ०५ | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २३ | कृषिजन्य उत्पादन परियोजना (मकै, कोदो प्रर्वद्धन) | मदाने गाउँपालिका | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २४ | फलफूल जोन विस्तार परियोजना (सुन्तला, किवी, कफी लगायत प्रर्वद्धन) | मदाने गाउँपालिका | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २५ | प्राराङ्गिक मल उत्पादन परियोजना | मदाने गाउँपालिका | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २६ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | मदाने गाउँपालिका | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २७ | पञ्चमीपोखरी होल्वाङ्ग बस्ति व्यवस्थापन | मदाने ०२ बाँझकटेरी | सहरी विकास मन्त्रालय | |
| २८ | छाप सिर्सेनी बस्ति व्यवस्थापन | मदाने ०३ सिर्सेनी | सहरी विकास मन्त्रालय | |
| २९ | भनभने वस्ति विकास कार्यक्रम | मदाने ०७ भनभने | सहरी विकास मन्त्रालय | |
| ३० | पोखरी मलागिरी खोप्चा बस्ति व्यवस्थापन | मदाने ०५ मलागिरी | सहरी विकास मन्त्रालय | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३१ | साना तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम | मदाने गाउँपालिका | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| ३२ | प्रविधिमा आधारित कक्षाकोठा व्यवस्थापनका लागि डिजिटल बोर्ड निर्माण योजना | मदाने गाउँपालिका | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |

५. यस मदाने गाउँपालिकामा विगत ३ वर्ष देखी बजेट विनियोजन गरी एम्बुलेन्स खरिदको प्रक्रिया गरेको भए ता पनि हाल सम्म खरिद हुन नसकेको हुँदा तुरुन्तै एम्बुलेन्स खरिदको लागि सिधा खरिदबाट गर्न आवश्यक प्रक्रिया गरी खरिद गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

६. यस मदाने गाउँपालिकामा साउन भदौमा विपदबाट प्रभावित पञ्चमीपोखरी भोटमारा अग्लुङ्ग सडक पहिरोका कारण अवरुद्ध भएको तत्काले बाटो सञ्चालन गर्नुपर्ने आवश्यकता भई बाटो निर्माण गरेको हुँदा उक्त बाटो निर्माण गर्दाको रकम प्राविधिक लागत अनुमान बमोजिमको रु चालिस हजार रुपैया भुक्तानी गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

७. यस मदाने गाउँपालिकाको वडा नं. ०६ पुर्कोटदहमा रहेको स्वास्थ्यचौकीको सेफ्टी टयाङ्की चुहिएको तथा मर्मत गर्नुपर्ने आवश्यकता रहेको हुँदा प्राविधिकको लागत अनुमान बमोजिम काम सम्पन्न गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. उद्योग वाणिज्य महासंघ तम्घास गुल्मीले २०८३ वैशाखमा गुल्मी महोत्सव कार्यक्रम गर्ने भएको हुँदा उक्त कार्यक्रममा स्थानीय उत्पादनको प्रर्वद्धनका लागि यस गाउँपालिकाबाट लैजान मिल्ने स्थानीय उत्पादनको लागि इन्सटल तथा अन्य विक्री वितरणको सुविधाका लागि आर्थिक सहायता बमोजिम रु पन्ध्र हजार रुपैया उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

९. मदाने गाउँपालिका कृषि विकाश शाखाको वार्षिक स्वीकृत एक घर दुई फलफुल विरुवा वितरण कार्यक्रम अन्तर्गत मदाने गाउँपालिका वडा नं १ मा लिचि ०२, ०३, ०४, ०५ नं वडामा कागती र ६ र ७ मा सुन्तला र कागती निःशुल्क रुपमा वितरण गर्न निर्णय गरियो ।

१०. मदाने गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार जैविक मल निर्माण ५० प्रतिशत अनुदान कार्यक्रम मदाने गाउँपालिका वडा नं ६ मा रहेको श्री गमलपोखरी बहुउद्धेश्यीय कृषक समुह मार्फत कार्यक्रम कार्यान्वय गरि जैविक मल निर्माणमा आवश्यक पर्ने पुर्वाधार निर्माण तथा सामाग्री खरिदको लागि उक्त समुहलाई छनौट गर्ने निर्णय गरियो ।

धीरेन्द्र बहादुर कुँवर
अध्यक्ष

११. यस मदाने गाउँपालिकामा करदाता सेवा कार्यालयबाट प्रवाह हुने सेवा सञ्चालन गर्न गाउँपालिका इच्छुक रहेको हुँदा सेवा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन आन्तरिक राजस्व कार्यालय बुटवललाई अनुरोध गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१२. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १६ (आ.व. २०८२/०८३) को मिति २०८३/०१/०९ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष